# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.सं. २०७५/०७६

च.नं.

मिति २०७५/९/१९

बिषयः अधिकार प्रत्यायोजन गरिएको सम्बन्धमा ।

वडा सचिव श्री लिलाराज खरेल (वडा नं ३), वडा सचिव श्री इन्द्र खतिवडा (वडा नं १०),
वडा सचिव श्री यन्तोश प्रधान (वडा नं २०), वडा सचिव श्री सुवर्ण ब्रजाचार्य (वडा नं २५),
ई. आशिष गुरुङ्ग (वडा नं १, २, १२ र २९), ई. सुरज देवकोटा (वडा नं ४, ५, ७, ८ र ९),
ई. कृष्ण बहादुर ठकुरी मल्ल (वडा नं ११), ई. दिपेश न्यौपाने (वडा नं ६, १३, १४, १५ र २२),
ई. प्रविण श्रेष्ठ (वडा नं १६, १७, १८, १९ र २६), ई. सन्तोष पाण्डे (वडा नं २१, २३, २४, २७ ,२८)

प्रस्तुत बिषयमा चालु आर्थिक वर्ष ०७५/७६ मा सञ्चालन हुने आयोजनाहरु कार्यान्वयनको लागि तपसिल बमोजिम हुने गरी कार्य जिम्मेवारी तोकिएको व्यहोरा अनुरोध छ ।

तपसिलः-

१. सम्बन्धित वडास्तरीय आयोजनाहरुको प्रारम्भिक प्राविधिक तयारी (जस्तै ल.ई. स्वीकति, ड्रइङ्ग, डिजाईन) गर्ने गराउने एवं सम्झौता, सुपरीवेक्षण र मूल्यांकन समेत गरी भुक्तानी (पेश्की समेत)को लागि महानगरको तोकिएको प्राविधिक समक्ष पेश गर्ने । यस सम्बन्धी अन्तिम प्राविधिक जिम्मेवारी महानगरको तोकिएको प्राविधिक अधिकृतको हुनेछ ।

२. वडामा सञ्चालन हुने नगरस्तरीय, प्रदेशस्तरीय एवं संघीय आयोजनाहरु (विद्यालय भौतिक पूर्वाधार समेत) को प्राविधिक तयारी (जस्तै ल.ई., ड्रइङ्ग, डिजाईन, सुपरीवेक्षण, मूल्यांकन, आदि) गर्दा कार्ययोजनामा तोकिएका प्राविधिकसँगको समन्वयमा वा संयुक्त रुपमा तयार गरी आवश्यक निर्णयको लागि सम्बन्धित अधिकारी समक्ष पेश गर्नु पर्नेछ । साथै उल्लेखित कार्यको अन्तिम जिम्मेवारी कार्ययोजनामा तोकिएका प्राविधिक अधिकृतको हुनेछ ।

३. विशेष प्रकृतिका र विशेषज्ञता आवश्यक पर्ने पूर्वाधार सम्बन्धी संरचनाका हकमा कार्ययोजनामा उल्लेख भए बमोजिम एवं महानगरले तोके बमोजिम हुनेछ ।

४. महानगरपालिकाको नक्सा पाससम्बन्धी कार्यविधिमा उल्लेख भए बमोजिम १००० (एक हजार) बर्ग फिट भन्दा साना भवनहरुको नक्सा पास सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पन्न गरी अभिलेख अद्यावधिक गर्ने कार्य तहाँबाटै गर्नुपर्नेछ ।

o/c

(हरिप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका ।
श्री शहरी पूर्वाधार विकास महाशाखा, भरतपुर महानगरपालिका ।
श्री आर्थिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिका ।

प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner